## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रम्भा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः ५ मितिः २०८२/०६/०२

**भाग-२**

**रम्भा गाउँपालिका**

**हल गोरू पाल्ने कृषकहरूलाइ प्रोत्साहन अनुदान वितरण मापदण्ड,२०८२**

रम्भा गाउँपालिका अन्तर्गत वढदो आधुनिक प्रविधीको प्रयोगवाट परमपरागत गोरू पालनमा किसानहरूको दिनदिनै घटदै गइरहेको रूचीका कारण खेती योग्य जमिन वाझो वढदै गइरहेको अवस्थालाइ मध्यनजर गर्दै किसानलाइ कृषि पेशा तर्फ उन्मुख गराइ प्रोत्साहन गराउन तथा रम्भा गाउँसभावाट स्विकृत अनुदान उपलव्ध गराउने हल गोरू प्रोत्साहन अनुदान कार्यक्रम कार्यन्वयन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम रम्भागाउपालिकावाट यो मापदण्ड लागु गरिएको छ।

**परिच्छेद१: प्रारम्भिक**

**<u>१. संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यो मापदण्डको नाम **हल गोरू पाल्ने कृषकहरूलाइ प्रोत्साहन अनुदान वितरण मापदण्ड,२०८२** रहेको छ।

(२) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यक्रम" भन्नाले **हल गोरू पाल्ने कृषकहरूलाइ प्रोत्साहन कार्यक्रम** सम्झनुपर्दछ।

(ख) "अध्यक्ष" भन्नाले रम्भा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) "उपाध्यक्ष" भन्नाले रम्भा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले रम्भा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले रम्भा गाउँपालिकालाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रम्भा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

(छ) "कृषक " भन्नाले कृषि पेशामा संलग्न भई किसान सुचिकरणमा सुचिकृत भएका कम्तिमा १ वर्ष देखी हल गोरू पालन गर्दे आएका किसानलाई सम्झनु पर्छ।

(ज) "समिति " भन्नाले मापदण्डमामा उल्लखीत दफा ७ वमोजिम गठित समिति भनेर सम्झनुपर्ने छ।

**परिच्छेद २:**

**३.कार्यक्रम कार्यान्वयन गरिने क्षेत्र:**

हल गोरू पाल्ने कृषकहरूलाइ प्रोत्साहन कार्यक्रम रम्भा गाउँपालिकाको ५ वटै वडामा कार्यान्वयन गरिने छ।

**४. कृषक छनौट प्रक्रियाः**

१. हल गोरू प्रोत्साहन कार्ग्रकममा सहभागी हुन चाहने कृषकहरू देहाय वमोजिमका आधारमा छनौट गरिनेछः

क. रम्भा गाँउपालिकाको स्थायी वसोवास ।

ख. कम्तिमा १ वर्ष देखी हल गोरू पालेको हुनुपर्ने।

ग. रम्भा गाउँपालिकाको किसान सुचिकरणमा सुचिकृत भएको हुनपर्ने।

घ. हलगोरू न्युनतम १ वर्ष पहिला देखी आएको स्वघोषणा र कम्तिमा ३ वर्ष पाल्ने प्रतिवद्दता पत्र।

२. दफा ४ उपदफा १ मा उल्लेखीत आधारहरूको रूजुगर्न हल गोरू प्रोत्साहन कार्यक्रममा आवेदन पेश भएका लाभग्राहीहरूको सम्वन्धीत वडामा रहेका पशु प्राविधिकहरूवाट कार्यविधिमा तोकिएको मापदण्ड पुगे नपुगेको सम्वन्धमा सम्वन्धीत लाभग्राहीको घरमा पुगी प्राविधिक प्रतिवेदन सिफारीस वनाउनुपर्नेछ।

**५. अनुदान**

१. हल गोरू प्रोत्साहन कार्ग्रकममा छनौट भएका कृषकहरूलाइ देहायको अनुदान उपलव्ध गराइनेछः

क. प्रति हलगोरू रू ६०००।

## परिच्छेद ३

**६. पेश गर्नुपर्ने कागजातहरू**

१. हल गोरू प्रोत्साहन कार्ग्रकममा सहभागी हुन चाहने कृषकहरूले देहाय वमोजिमका कागजातहरू पेश गर्नु पर्नेछः

क. लाभग्राहीको निवेदन

ख. लाभग्राहीको नागरीकताको प्रतिलिपी

ग. सम्वन्धीत वडापालिकाको सिफारीस

घ. हलगोरू १ वर्षदेखी पाल्दै आएको भनी सम्वन्धित लाभग्राहीको स्वघोषणा साथै कम्तिमा ३ वर्ष सम्म हल गोरू निरन्तर पाल्ने सहितको प्रतिवद्दता

ङ. सम्वन्धीत लाभग्राहीको वैक खाता नं र सम्पर्क नं

**७. समिति सम्बन्धि व्यवस्था**

१. हल गोरू प्रोत्साहन कार्ग्रकममा लाभग्राही छनौट गर्नकोलागी देहाय वमोजिमको समिति रहने छ।

| | | |
|---|---|---|
| क. | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख. | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| घ. | आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ङ. | गाउँकार्यपालिकावाट मनोनित कार्यपालिका सदस्य २ जना | |
| च. | कृषि/पशु विकास शाखाको प्रमुख सदस्य सचिव | |

उपदफा  वमोजिम गठित समितिले प्राप्त लाभग्राहीहरूको प्रक्रिया रूजु गरी अनुमोदनकोलागी गाउँकार्यापालिका वैठकमा सिफारिस गर्नुपर्ने छ।

## परिच्छेद ४:

**८. भुक्तानी प्रक्रिया**

कार्यक्रम संचालनका लागि छनौट भई कार्यक्रम संचालन गरेका लाभग्राहीले सम्बन्धित (कृषि/पशु) शाखाको कार्यसम्पन्न प्रतिवेदन सहित कार्यक्रमको लागि आवश्यक पर्ने सम्पुर्ण कागजातहरू र लाभग्राहीको  फोटोहरु पेश गरी भुक्तानीको लागि आएका कार्यक्रमको कार्यविधि वमोजिम  नियमानुसार करकट्टी गरी बाकी हुन आउने रकम बैंक खाता

मार्फत भुक्तानी गरिनेछ।

## विविध

**<u>९. बाधा अड्काउ फुकाउने</u>**

क. यो मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार रम्भा गाउँ कार्यपालिकाको हुनेछ।
ख. यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

## अनुसुची १

स्वघोषणा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु
रम्भा गाउँपालिका पिपलडाँडा पाल्पा

विषयः स्वघोषणा गरिएको सम्वन्धमा ।

प्रस्तुत विषय तहाँ कार्यालयवाट मिति २०८२ मा प्रकाशित सुचना वमोजिम हल गोरू पाल्ने कृषकहरूलाइ प्रोत्साहन कार्यक्रमवाट अनुदान सहयोग प्राप्त गर्न निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु । मैले विगत हलगोरू ....... वर्ष पहिला देखी आएको छु । हलगोरू प्रोत्साहनकोलागी भनी मैले कुनै पनी संघ सस्था तथा कार्यालयवाट कुनै अनुदान /दोहोरो सुविधा हालसम्म प्राप्त गरेको छैन ।गाउँपालिकावाट हलगोरूकालागी प्राप्त अनुदानवाट कम्तिमा ३ वर्ष वा सो भन्दा वढी हलगोरू पाल्ने प्रतिवद्दता स्वघोषणा व्यक्त गर्दछु । माथि उल्लेखीत कुरा झुटा ठहरिएमा प्रचलित कानुन वमोजिम सहनेछु ।

निवेदक
नामः
ठेगानाः
सम्पर्क नं.

हस्ताक्षरः

आज्ञाले,

नाम वीरवहादुर पुन

प्रमुख प्रशासकीय अधिकृत